०११६६११११
०११४१२११३
०११४१२११४

मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
महादेवस्थान
Mahadevsthan

काभ्रेपलाञ्चोक
Kavrepalanchowk
३ नं प्रदेश
3 No. Province, Nepal

प.सं. ०७६/०७७
चलानं. ८४६

मिति :- २०७६/०८/०१

विषय : शिक्षकको लागि स्वेच्छिक अवकाश सम्बन्धि सूचना ।

यस मण्डनदेउपुर नगरपालिकाको पाचौं नगरसभाद्वारा पारित चालु आ.ब.२०७६/७७ को नीति तथा कार्यक्रम र बजेटबाट स्वेच्छिक अवकाशमा जान चाहने इच्छुक शिक्षकहरुलाई एकमुष्ठ रु. १,००,०००। (एक लाख) प्रोत्साहन रकम सहित विदाई गर्ने नीति अनुसार तपसिलका आधारमा सेवा अवधि पुगेका यस नगरपालिकाका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुबाट मिति २०७६/०८/०१ गते देखि मिति २०७६/०८/३० गते कार्यालय समय भित्र यस नगरपालिकामा निवेदन पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

१. स्थायी सेवा अवधि २५ वर्ष पूरा भएको हुनुपर्नेछ ।
२. ५० वर्ष उमेर पूरा भई अनिवार्य अवकाश हुन ५ वर्ष बाँकी रहेको हुनुपर्नेछ ।
३. स्वेच्छिक अवकाशमा जान चाहने शिक्षकले यस नगरपालिकाको शिक्षा शाखाको सहमती लिई शिक्षा विकास तथा समन्वय इकाइबाट राजीनामा स्वीकृतीको पत्र पेश गर्नुपर्नेछ ।
४. विगत १ वर्ष भित्र विभागीय सजायँ नपाएको हुनुपर्नेछ ।
५. निवेदन साथ नागरिकता प्रमाण पत्र, स्थायी नियुक्ति पत्र, शैक्षिक योग्यताका प्रमाण पत्रहरु, विद्यालयको सिफारिस पत्र र राजीनामा स्वीकृत पत्र पेश गर्नुपर्नेछ ।

२०७६/८/१९
(प्रणराज थोपाने)
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

श्री. सू. प्र. शाखा
न.पा.को website मा राखिदिनु
२०७६/८/१९